# आगामी आ.व. २०८०/०८१ को वार्षिक बजेट, नीति तथा कार्यक्रमको सार्वजनिक कार्यक्रम

सम्मानित सभाका सभाध्यक्षज्यू,

प्रमुख अतिथिज्यू,

विशिष्ट अतिथिज्यूहरु,

अतिथिज्यूहरु,

प्रमुख प्रशासकीय अधिकृत ज्यू,

सभा सदस्यज्यूहरु,

विषयगत शाखाका प्रमुखज्यूहरु,

कर्मचारीज्यूहरु,

पत्रकारज्यूहरु,

तथा उपस्थित अन्य महानुभावहरु

१. यस गरिमामय सभामा लेटाङ नगरपालिकाको उपप्रमुखको हैसियतले मिति २०८०।०३।१० गते नगरसभाबाट पारित भएको आगामी आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति कार्यक्रम तथा बजेटको सार्वजनिकरण गर्न उपस्थित भएको छु। यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना तथा लोकतन्त्र प्राप्तिका लागि समय-समयमा भएका राजनीतिक तथा सामाजिक आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात,अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

२. देशमा आर्थिक गतिविधिमा आएको सिथिलता र लेटाङ नगरपालिकाको आन्तरिक आयमा आएको संकुचन समेतलाई मध्यनजर गर्दै नगरको वित्त सन्तुलन कायम गर्ने गरी नीति कार्यक्रम तथा बजेट निर्माण गरिएको छ। आगामी आ.व. को नीति कार्यक्रम तथा बजेट दिगो भौतिक पूर्वाधार निर्माण गर्ने, रोजगारीका अवसरहरु बढाउने, सुशासन कायम गर्ने, सेवा प्रवाहमा सुधार गर्ने, स्रोत साधनमा परिचालनमा प्रभावकारिता ल्याउने तर्फ परिलक्षित हुने गरी निर्माण गरिएको छ।

३. बजेट नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, १५ औं आवधिक योजना, दिगो विकास लक्ष्य, कोशी प्रदेशको प्रथम आवधिक योजना, लेटाङ नगरपालिकाको प्रथम आवधिक योजना, निर्वाचनका बेला जनतासँग गरेका प्रतिवद्धता, जनप्रतिनिधिहरुको सुझावलाई मार्गदर्शनको

रुपमा लिइएको छ। यसैगरी राजनीतिक दल, संघ, संस्था, नागरिक समाज, निजी क्षेत्र, नगरबासी सञ्चार जगत् लगायत सबैबाट प्राप्त सुझावलाई समेत आधार बनाइएको छ।

सभाध्यक्षज्यू,

४. अब म आर्थिक वर्ष २०७९।०८० मा घोषित वार्षिक नीति तथा कार्यक्रम र बजेटबाट प्राप्त उपलब्धिहरुको संक्षिप्त चर्चा गर्न चाहन्छु।

चालु आ.व. को क्षेत्रगत बजेटको समीक्षा

| सि.नं | वजेटका क्षेत्र | विनियोजित रकम | हाल सम्मको खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | पुर्वाधार विकास | २७ करोड ९६ लाख ४४ हजार | १९ करोड २१ लाख ४ हजार | ६९ प्रतिशत |
| २ | सामाजिक विकास | २९ करोड ४५ लाख ११ हजार | २४ करोड ५लाख ६१ हजार | ८२ प्रतिशत |
| ३ | आर्थिक विकास | ८ करोड ८५ लाख ७३ हजार | ५ करोड ८५ लाख ८९ हजार | ६६ प्रतिशत |
| ४ | सुशासन तथा अन्तर सम्वन्धित क्षेत्र | ४ करोड ९१ लाख ९७ हजार | ३ करोड ३९ हजार | ६१ प्रतिशत |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक खर्च | १३ करोड २६ लाख २२ हजार | १० करोड ९४ लाख ९५ हजार | ८२ प्रतिशत |
| | कुल जम्मा | ८३ करोड ९७ लाख ८५ हजार | ५० करोड ८३ लाख ५६ हजार | ७५ प्रतिशत |

५. चालु आ. व. मा पुँजीगत खर्च ६४ दशमलव ९ प्रतिशत भएको छ भने चालु तर्फ ८२ दशमलव ४४ प्रतिशत खर्च भएको छ। चालु आ.व.को हालसम्म जम्मा ७४ दशमलव ४७ प्रतिशत खर्च भएको देखिन्छ।सम्पन्न भएका केही आयोजनाको भुक्तानी बाँकी तथा श्रोतमा देखिएको चापको कारणले केही घोषित आयोजना सञ्चालन गर्न नसकिएको कारणले लक्ष अनुसारको खर्च प्रतिशत देखिएन।

६. देशको आर्थिक गतिविधिमा आएको सिथिलताका कारण संघीय सरकार तथा प्रदेश सरकारबाट राजश्व बाँडफाँट र वितीय समानिकरणबाट प्राप्त हुने रकम अनुमान गरे अनुसार प्राप्त हुन सकेन। लेटाङ नगरपालिकाले अनुमान गरेको स्थानीय राजश्वफाँडफाँट तथा आन्तरिक आय समेत अनुमान अनुसार उठ्न सकेन। तसर्थ चालु आ.व. मा श्रोतमा परेको चापका कारण केही घोषित आयोजना सञ्चालन गर्न सकिएन।

७. श्रोतमा देखिएको प्रतिकुलताका बाबजुद भुवाखोला पक्की पुल, खेरुवा खोला पक्की पुल, वडा नं. ४ को कृषि हाटबजार, वडा नं. ४ र ९ को प्रशासकीय भवन, सर्पदंश भवन, लेटाङ अस्पतालमा कम्पाउण्ड वाल तथा इन्टरलक, वडा नं. २,४,५,६ र ९ मा आधारभूत स्वास्थ्य केन्द्रको भवन, श्री माविको ४ कोठे भवन, अघोट खोलामा झोलुङ्गे पुल निर्माण गर्ने कार्य सम्पन्न भएको छ। समावेशी मार्ग, पिएचसी देखि आधारभूत स्कूल सडक, जनसेवा मार्ग, कमलपुर मार्ग, वडा नं. २ का विभिन्न सडक, स्वर्गद्वारी मार्ग, त्रिवेणी मार्ग तथा शितल मार्ग कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ। नगरपालिका क्षेत्र भित्र विद्युत सेवाबाट वञ्चित ४३ घर परिवारमा विद्युत सेवा विस्तार गरिएको छ। पर्यटन विकास र सम्पदा संरक्षण गर्ने राजारानी तालको सौन्दर्यकरण आयोजना, १० शैंयाको अस्पताल निर्माण, शान्ति भगवती माविमा छात्राबास निर्माण, न्यायिक समितिको इजलास निर्माण, लेटाङ अस्पतालको छाना निर्माण, घुम्ति लामिटार सडक कालोपत्रे, डाँडा गाउँ सडक कालोपत्रे, समला खानेपानी आयोजना, गुवावारी देखि भुवाखोला सम्मको सडक स्तरोन्नती गर्ने कार्य भैरहेको छ।

८. चालु आर्थिक वर्षको जेठ मसान्त सम्म जम्मा ४ किलोमिटर कालोपत्रे गर्ने कार्य सम्पन्न गरिएको छ भने ९ कि.मि. सडक ग्राभेल गरिएको छ । पहाडी भूभागमा पर्ने वडा नं. १,७ र ८ मा जम्मा १० किलोमिटर नयाँ ट्र्याक खोलिएको छ ।१७०० मिटर ड्रेन र एजिङ निर्माण, ८४ मिटर इन्टरलक गरिएको छ भने जम्मा १३ वटा कल्भर्ट निर्माण सम्पन्न भएको छ। विद्यालयहरुमा २ वटा नयाँ भवन निर्माण कार्य सम्पन्न भएको छ।

९. कृषिको आधुनिकीकरण, बजारीकरण तथा विविधिकरण गर्न विभिन्न प्रकारका विउ वितरण, ५० प्रतिशत अनुदानमा प्लास्टिक नेट, ग्रीन नेट, थोपा सिचाइ सेट, इलेक्ट्रिक स्प्रेयर सेट, साना मेसिनरी सामग्री, धान मकै कुट्ने तथा पिसानी कम्बाइन सेट वितरण कार्यक्रम गरिएको छ। केरा खेती, च्याउ खेती, अदुवा खेती, बेसार खेती, कफी खेती, सुन्तला खेती विस्तार तथा प्रवर्द्धन

कार्यक्रम सञ्चालन गरिएको छ। कृषि प्रयोगशाला स्थापना गरी ३२ जना कृषकको माटो परीक्षण गरी बाली सिफारिस गरिएको छ। कृषि सम्बन्धी विभिन्न तालिम सञ्चालन गरिएको छ। किसानहरुको सूचिकरण गर्नका लागि आ.व. ०७८।०७९ मा वडा नं. ८ र ९ १७१७ जना कृषकहरुको सूचिकरण गरिएकोमा यस वर्ष वडा नं. १, ३ र ७ मा २४४२ गरी जम्मा ४१५९ जना कृषकहरुको सूचिकरण गरिएको छ।

१०. शिक्षा तथा सामाजिक विकास शाखा मार्फत शिक्षाको गुणस्तर सुधार, स्वच शैक्षिक वातावरण निर्माण, कार्यविधि र मापदण्डको निर्माण एवं कार्यान्वयन, वालिका शिक्षा वचत कार्यक्रम, आमा बाबु विहिन बालबालिकाहरुलाई निशुल्क शिक्षा, स्थानीय पाठ्यक्रमको सन्दर्भ सामग्री र किरात लिम्बू भाषाको स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन, शिक्षक कर्मचारीको पदस्थापन मापदण्डको उपयोग, समयमै विद्यालय व्यवस्थापन समिति पुनर्गठन, विपन्न तथा जेहेन्दार विद्यार्थी छात्रवृत्ती, सुपरीवेक्षण, अनुगमन र निरीक्षण, शैक्षिक सूचना व्यवस्थापन प्रणालीको सुधार, परीक्षा प्रणालीमा सुधार, विद्यालयको योजना निर्माण र कार्यान्वयनमा सरोकारवालाहरुको सहभागिता, छत्रासँग उपमेयर कार्यक्रम, समावेशी विकास कार्यक्रम, दिवा खाजा कार्यक्रम, सामुदायिक विद्यालय सुधारको संकल्प घोषणा जस्ता कार्यक्रमहरु सञ्चालन गरिएको छ।

११. प्राथमिक स्वास्थ्य केन्द्रलाई लेटाङ अस्पतालको रुपमा स्तरोन्नती गरी वीमा फार्मेसी, प्रयोगशाला, विशेषज्ञ वहिरङ्ग सेवा तथा अल्ट्रासाउण्ड सेवा विस्तार गरिएको छ। रिक्त रहेको जनशक्ति पदपूर्ति गरी सेवा प्रवाहलाई नियमित बनाइएको छ। वडा नं. १,२,३, ५ र ७ मा महिलाहरुको आङ्ग खस्ने, स्तन एवम् पाठेघरको मुख खस्ने रोग, प्रजनन् रुग्णता तथा लामो अवधिको परिवार नियोजन सेवा शिविर सम्पन्न गरिएको छ। कोभिड १९, डेङ्गी, दादुरा रुवेला, क्षयरोग जस्ता संक्रामक रोगहरुको महामारी नियन्त्रण तथा नियमित उपचार कार्यक्रमलाई नियमित रुपमा सञ्चालन गरिएको छ।सबै स्वास्थ्य चौकीहरुमा न्यूनत्तम सेवा मापदण्ड कार्यक्रम लागु गरिएको छ। विपन्न नागरिकलाई औषधि उपचार गर्न आर्थिक सहयोग गरिएको छ। स्वास्थ्य मा नागरिकको सहज पहुँच अभिवृद्धि गर्न र गुणस्तरीय सेवा प्रदान गर्न आवश्यक कार्यहरु गरिएको छ।

१२. पसु सेवा अन्तर्गत नगर पशु अस्पताल निर्माण गरी नगरबासीका पशु पंक्षिको उपचार सेवा शुरु गरिएको छ। पशु पालक किसानहरुलाई बोयर बोका, मोटर सहितको च्याफकटर, हिउँदे

घाँसको बिउ, वर्षे घासको बिउ वितरण कार्य गरिएको छ। संघीय सरकारले पशुको विमा वापतको ८०% प्रमियम तिर्दै आएकोमा नगरपालिकाले २०% थप गरी निशुल्क गरिएको छ। त्यस्तै कृतिम गर्भाधान तथा माछा पोखरी प्रवर्द्धन कार्यक्रमहरु सञ्चालन गरिएको छ।

१३. मौसमजन्य बाढी, पहिरोबाट सिर्जना हुने विपद् व्यवस्थापनका लागि जोखिमका क्षेत्रहरु पहिचान गरिएको छ। जमिन कटान हुन नदिन तथा बस्तीमा बाढी पसी क्षति हुन नदिनका लागि आवश्यकताका आधारमा तटबन्धन गर्ने कार्य गरिएको छ। सिँचाई पैनीहरुको मूहान संरक्षण गर्ने तथा पैनीको मूहान उकास्ने कार्य निरन्तर गरिएको छ। आवश्यकताको आधारमा पैनीहरुलाई मर्मत सम्भार गरिएको छ। पहिरोको जोखिम रहेको ठाउँमा पैनीलाई पक्की बनाउँदै लगिएको छ।

१४. बेरोजगार व्यक्तिहरुलाई रोजगारी सिर्जना गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम र नगरपालिकाको समेत साझेदारीमा श्री माविमा जस्तापाताको छानो मर्मत, फेदाप्जुङ मगर गुम्बा शौचालय निर्माण, सारमा खोला तटबन्धन, किँरात माङ्हिम मन्दिर खोलाघारीको घेराबारा तथा गेट निर्माण, समला डाँडा भ्यूटावरसम्म पुग्ने बाटो निर्माण, नमूना मार्ग ड्रेन निर्माण, स्वर्गद्वारी विश्रान्तिघाट व्यवस्थापन, आरुबोटे खोप केन्द्र भवन निर्माण, फुर्केटार कालिका मन्दिर निर्माण, सकेपोखरी स्तरोन्नती तथा भेडेडाँडासम्म पुग्ने बाटो निर्माण, भगवती आधारभूत विद्यालयको २ कोठे भवन प्लास्टर गर्ने कार्य सम्पन्न भएको छ।

१५. अपाङ्गता परिचय पत्र प्राप्तिका लागि स्वास्थ्य परीक्षण गरी अपाङ्गता भएका ५३ जना व्यक्तिहरुलाई परिचय वितरण गर्ने कार्य गरिएको छ। अपाङ्ग भएका जम्मा २८ जनालाई ह्विल चियर वितरण गरिएको छ। महिला हिंसा विरुद्धको अभियान, महिला सशक्तिकरण कार्यक्रम, बालविवाह न्यूनिकरण सम्बन्धी कार्यक्रम तथा किशोरी सशक्तिकरण कार्यक्रम सञ्चालन गरिएको छ। बाल अधिकार संरक्षण तथा सम्बर्द्धन कार्यविधि २०७९, लैङ्गिक हिंसा निवारण कोष सञ्चालन नियमावली २०७९ निर्माण भै कार्यान्वयनमा आएको छ।

१६. लेटाङ नगरपालिकाका सहकारीसँग समन्वय गरी नगरस्तरी सहकारी समन्वय समिति गठन गरिएको छ। सहकारी दिवसको अवसर पारेर सहकारीका समसामयिक विषय तथा संस्थागत सुशासन कायम सम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ।

१७. न्यायिक समित मार्फत हालसम्म ८६ वटा विवादका घटनाहरु दर्ता हुन आएकोमा ७० वटा फछ्र्यौट गरिएको छ। १० वटा विवादहरु मिलापत्र गरी न्यायमा सबैको जीत स्थापित गरिएको छ भने ४३ वटा विवादमा सहमति भएको छ।२६ वटा उजुरी तामेलीमा राखिएको छ भने ७ वटा विवादहरु प्रक्रियामा रहेको छ। मेलमिलापकर्ताहरुको क्षमता विकास गर्ने उद्देश्यले तनाव व्यवस्थापन, आधारभूत मेलमिलाप सम्बन्धी तालिम सञ्चालन गरिएको छ।

१८. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको समस्या समाधानका लागि फाराम भरी निस्सा वितरण गर्ने कार्य गरिएको छ। विगतका आयोगबाट भएका कामलाई सम्पन्न गर्न नगरपालिकाको पहलमा जग्गा नाप जाँच गर्ने कार्य भैरहेको छ।

१९. नगरपालिकाबाट प्रवाह हुने सेवालाई चुस्त दुरुस्त बनाउन संगठन संरचनाको पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन, कार्यविभाजन नियमावली अनुसार कार्यविवरण प्रदान, शान्ति सुरक्षा कायम गर्न नगर प्रहरी भर्ना र परिचालन, हेल्प डेस्कको सञ्चालन र सूचना प्रविधिको प्रयोगलाई प्राथमिकता दिइएको छ।लेटाङ नगरपालिकाको प्रथम आवधिक योजना, नगर पार्श्व चित्र निर्माण कार्य सम्पन्न भएको छ। चालु आ.व. मा जम्मा २२ वटा ऐन, कानून तथा कार्यविधि निर्माण गरिएको छ।

सभाध्यक्ष महोदय,

उपस्थित महानुभावहरु,

**अब म आर्थिक वर्ष २०८०।०८१ का बजेटका उद्देश्यहरु तथा मूख्य मूख्य प्राथमिकताहरु प्रस्तुत गर्न चाहान्छु ।**

**आर्थिक वर्ष २०८०।०८१ का बजेटका उद्देश्यहरु**

१. लेटाङ नगरको समृद्धिको लागि आर्थिक गतिविधि एवम् विकास निर्माणका कार्यलाई तीव्रता दिने,

२. आर्थिक, प्राकृतिक तथा मानवीय श्रोत साधनको अधिकतम उपयोग गरी उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्दै गरिबी न्युनिकरण गर्ने,

३. मानवीय ज्ञान, सीप तथा प्राविधिक दक्षताको अभिवृद्धि गर्न क्षमता विकास कार्यक्रम संचालन गर्दै स्वरोजगार सिर्जना गर्ने,

४. नगरक्षेत्रवाट प्रदान हुने सेवाहरु छिटो, छरितो, मित्तव्ययी र पारदर्शी रुपमा प्रवाह गर्दै नागरिक प्रतिको प्रतिवद्धता र जवाफदेहिता सुनिश्चीत गरी सुशासन प्रवद्धन गर्ने ।

**बजेटका मुख्य मुख्य प्राथमिकताहरु**

१. कृषि तथा पर्यटन क्षेत्रको विकास।
२. गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा तथा गुणस्तरीय खानेपानीको प्रवन्ध ।
३. सामाजिक, आर्थिक, पूर्वाधार विकास लगायतका योजनाहरु तथा निर्माणाधीन र अधुरा आयोजनाहरुको निर्माण कार्य सम्पन्न ।
४. गुणस्तरीय शिक्षा, मानव संशाधन विकास र रोजगारी सिर्जना।
५. आन्तरिक स्रोतको अभिवृद्धि गर्दै स्रोतको दिगो परिचालन ।
६. प्राकृतिक प्रकोपको जोखिम न्युनिकरण र वातावरण संरक्षण ।
७. उत्पादन अभिवृद्धि तथा स्वरोजगारी सिर्जना।
८. सबै नागरिकमा विद्युत सेवाको पहुँच।
९. नदी नियन्त्रणका लागि तटबन्धन तथा दिगो सिँचाई ।
१०. लक्षित वर्ग, क्षेत्र, समुदायको क्षमता अभिवृद्धि तथा गरिवी न्यूनिकरण।
११. असंगठित श्रमिकका लागि काम र रोजगारीका अवसर लक्षित समूहका लागि सामाजिक सुरक्षा र संरक्षण।
१२. शासकीय क्षमताको अभिवृद्धि र सुशासन।

सभाध्यक्षज्यू,

अब म विनियोजन विधेयमा समावेश भएका क्षेत्रगत योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमानको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

लेटाङ नगरपालिकाको आगामि आर्थिक वर्ष २०८०।०८१ को लागि कुल बजेट ७५ करोड ९ लाख ७ हजार रुपैया विनियोजन गरेको छु। कुल विनियोजन मध्ये चालु तर्फ ३६ करोड ७१ लाख ९३ हजार, पुँजीगत तर्फ ३८ करोड ३७ लाख १३ हजार विनियोजन गरेको छु। कुल बजेटको चालु तर्फ ४८ दशमलव ९ प्रतिशत र पूँजिगत तर्फ ५१ दशमलव १ प्रतिशत रहेको छ।

सभाध्यक्ष महोदय,

अब म आगामि वर्षको लागि प्रस्तावित खर्च बेहोर्ने अनुमानित स्रोत उल्लेख गर्न चाहन्छु।

| सि नं. | विवरण | रकम |
|---|---|---|
| १ | संघीय समानीकरण अनुदान | ११ करोड ४७ लाख |
| २ | संघीय राजश्व बाँडफाँड | १० करोड ५८ लाख २१ हजार |
| ३ | वैन पैदावारबाट प्राप्त रोयल्टी | ३५ लाख |
| ४ | संघीय समपुरक अनुदान | ५० लाख |
| ५ | संघीय विशेष अनुदान | १ करोड २० लाख |
| ६ | संघीय सशर्त अनुदान | २१ करोड ९१ लाख |
| ७ | प्रदेश समानीकरण अनुदान | ७२ लाख २७ हजार |
| ८ | प्रदेश राजश्व बाँडफाँट | ६५ लाख ५९ हजार |
| ९ | प्रदेश समपुरक अनुदान | १ करोड ३० लाख |
| १० | प्रदेश सशर्त अनुदान | ३६ लाख २५ हजार |
| ११ | स्थानीय राजश्व बाँडफाँट | १२ करोड ७२ लाख २५ हजार ३ सय ७४ |
| १२ | सडक वोर्ड | ४२ लाख |
| १३ | जिल्ला समन्वय समिति | २६ लाख ३१ हजार ६ सय ५० |
| १४ | आन्तरिक आय | ११ करोड ६० लाख ४७ हजार ९ सय ७६ |
| १५ | गत वर्षको नगद मौज्दात | १ करोड २ लाख ७० हजार |
| | जम्मा | ७५ करोड ९ लाख ७ हजार |

सभाध्यक्ष महोदय,

अब म बजेटमा समावेश भएका केही प्रमुख क्षेत्रगत क्रियाकलपाको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

१. गत वर्षदेखि सञ्चालनमा आएका तथा चालु आ.व. मा ठेक्का आह्वान गरिएका बहुवर्षीय तथा क्रमागत योजनाहरु शान्ति भगवती माविमा छात्राबास निर्माण, राजारानी ताल सौन्दर्यकरण, कोल्डस्टोरेज भवन निर्माण, समला खानेपानी आयोजना, चिसाङ पुल उत्तर सव दहन स्थल निर्माण लगायतका आयोजनाहरु तथा अन्य सञ्चालन तथा कार्यक्रम खर्चको भुक्तानीका लागि १० करोड ६१ लाख ७५ हजार बजेट विनियोजन गरिएको छ।

२. लेटाङ नगरपालिकाको प्रशासन सञ्चालनको लागि कर्मचारी तलव, भत्ता तथा कार्यलय सञ्चालनका लागि रु १५ करोड १० लाख ७ हजार विनियोजन गरेको छु।

३. वडास्तरीय योजना तथा कार्यक्रमका लागि प्रत्येक वडामा एउटा १५ लाख बराबरको आयोजना छनौट गरेर क्रमागत रुपमा सम्पन्न गर्ने गरी ४ करोड ९५ लाख बजेट विनयोजन गरिएको छ।

४. कृषिलाई आधुनिकीकरण, व्यवसायीकरण तथा बजारीकरण गर्न कृषि कार्यक्रमका लागि ६० लाख बजेट विनियोजन गरिएको छ।

५. पशुपालन व्यवसायलाई व्यवसायिक बनाउन पशु अस्पताल व्यवस्थापन, नश्ल सुधार लगायतका क्रियाकलाप सञ्चालन गर्न ४० लाख बजेट विनियोजन गरिएको छ।

६. पर्यटन प्रवर्द्धन गर्न अन्तर धार्मिक शान्ति पार्क निर्माणका लागि संघीय सरकारको समपुरक अनुदानमा रु. ५० लाख बजेट प्राप्त भएकोमा १ करोड थप गरी १ करोड ५० लाख बजेटको श्रोत सुनिश्चित गरिएको छ। टुक्रेवनमा पर्यापर्यटन विकास गर्न ५० लाख बजेट विनयोजन गरिएको छ।

७. सहकारीलाई नियमित अनुगमन गर्न, सहकारीहरुको सक्षमता अभिवृद्धि गरी संस्थागत सुशासन कायम गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

८. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको जग्गा व्यवस्थापन गरी जग्गा धनिपूर्जा वितरण गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।

९. जीवनोपयोगी तथा गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालय शिक्षाको स्तरोन्नती गर्ने, विद्यार्थी शिक्षक अनुपात, विद्यालयको जस्तापाता फेर्न, विद्यालयको मर्मत, सम्भार, बाल विकास केन्द्र शिक्षक र विद्यालय कर्मचारीको थप तलव प्रवन्ध गर्न लगायत शिक्षा सम्वन्धी अन्य क्रियाकलाप सञ्चालन गर्न १ करोड ७२ लाख ७५ हजार बजेट विनियोजन गरिएको छ।

१०. स्वास्थ्य सेवा सबैको पहुँच स्थापना गर्न, लेटाङ नगर अस्पतालमा डिजिटल एक्स्रे मेसिन खरिद गर्न, आकस्मिक सेवा विस्तार गर्न, पूर्ण खोपलाई निरन्तरता दिइ दिगोपना कायम गर्न, जनशक्तिको क्षमता विकास तथा उत्प्रेरणा प्रदान लगायतका क्रियाकलपा गर्न स्वास्थ्य तर्फ ६० लाख बजेट विनियोजन गरिएको छ।

११. नगरवासीलाई सुरक्षित खानेपानी उपलब्ध गराउन सीमाना खानेपानी आयोजना, चुरे क्षेत्रको खानेपानीको मूहान संरक्षण, सुरेटार अँधेरी खानेपानी आयोजना, खानेपानी गुणस्तर परीक्षण, खानेपानी आयोजना मर्मत सम्भार गर्नका लागि ७७ लाख बजेट विनियोजन गरिएको छ।

१२. समावेशी विकास, सामाजिक न्याय र समानता कायम गर्न आदिबासी जनजाति, दलित, पिछडा वर्ग, महिला, बालबालिका, जेष्ठ नागरिक, अपङ्गता भएका व्यक्तिहरुका लक्षित कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

१३. अन्तर सांस्कृतक संग्रालय निर्माण कार्य क्रमागत रुपमा सम्पन्न गर्नका लागि यस वर्ष ५० लाख बजेट विनियोजन गरिएको छ।

१४. लेटाङ नगरपालिकाको चुरे लगायतका सामुदायिक वनको पर्ती जग्गामा १० हजार चिउरीको बोट रोप्न आवश्यक बजेट विनियोजन गरिएको छ।

१५. वडा नं. १ स्थित मुर्चुङे खोलामा पुल निर्माण गर्न प्रदेश समपुरक अनुदानबाट १ करोड ३० लाख बजेट प्राप्त भएकोमा ५० लाख थप गरी १ करोड ८० लाखको श्रोत सुनिश्चित गरिएको छ। नगरपालिका केन्द्र देखि वडा नं. १ र वडा नं. ७ को वडा कार्यालयसम्म सडक विस्तार कार्य क्रमागत रुपमा गर्न बजेटको व्यवस्था गरिएको छ।

१६. वडा नं. ४ मा निर्मित कृषि हाटबजार, निर्माणाधीन कोल्ड स्टोरेज भवन, वडा नं. ९ र वडा नं. २ को वडा कार्यालय भवन घेराबारा गर्न १ करोड बजेट विनियोजन गरिएको छ।

१७. लेटाङ नगरपालिकालाई पूर्व पश्चिम लोकमार्गसँग जोड्ने लेटाङ- कानेपोखरी सडकको लेटाङ फारलाइन सडक खण्डमा सडक विस्तार गर्नका लागि ६२ लाख विनयोजन गरिएको छ।

१८. वडा नं. ५ र ६ को वडा कार्यालय भवन निर्माण गर्न तथा अन्य भवन तथा सहरी विकास लागि १ करोड ५० लाख विनिययोजन गरिएको छ।

१९. चिसाङ खोला, मोरङी खोला तथा तेली खोलामा सिपेज पानीको सम्भाव्यता अध्ययन गरी निर्माण गर्न तथा पैनीहरुको मुहान मर्मत सम्भार गर्न १ करोड ७५ लाख विनियोजन गरिएको छ।

२०. चिसाङ खोलाको सिमाङ्कन गरी नदी नियन्त्रण गर्न तथा जनताको तटबन्धन कार्यक्रमका लागि १ करोड ८० लाख बजेट विनियोजन गरिएको छ।

२१. विपन्न नागरिक स्वास्थ्य विमा तथा आर्थिक सहयोग कार्यक्रम, गरिवसँग मेयर कार्यक्रम, छात्रासँग उपमेयर कार्यक्रम, युवा लक्षित कार्यक्रम,खानेपानी योजना मर्मत सम्भार, सिंचाई पैनीहरुको मुहान संरक्षण, खेलकुद प्रतियोगिता सञ्चालन, लगायतका शीर्षकहरुमा आवश्यक बजेट विनियोजन गरिएको छ।

२२. नदि नियन्त्रण, तारजाली खरिद, सुशासन प्रवर्द्धन, गरिवी न्यूनिकरण, फोहोरमैला व्यवस्थापन, विद्युत विस्तार कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

सभाध्यक्ष महोदय,

२३. गत वर्षदेखि सञ्चालित आयोजनाहरुको दायित्व तथा प्रदेश सरकारमा पठाउनु पर्ने स्थानीय राजश्व बाँडफाँडको २ करोड ४० लाख २६ हजार ५ सय ४९ रुपैया समेतलाई बजेट व्यवस्था गर्नु परेको कारण यस वर्ष पनि श्रोतमा चाप पर्ने देखिन्छ। तसर्थ चालु आ.व. को बजेटक कार्यक्रमहरुको प्राथमिकता तोकेर निर्माण गरिएको छ। p1 मा भएका योजना तथा कार्यक्रमहरु तत्काल कार्यान्वयन गरिनेछ भने P2 मा रहेका योजना तथा कार्यक्रमहरुलाई अनुमान गरिएको श्रोतलाई पूर्णता दिइ कार्यान्वयन गरिने कुरा पनि सम्मानित सभामा जानकारी गराउन चाहान्छु।

२४. आर्थिक वर्ष ०८०/०८१ को नगरस्तरीय तथा वडास्तरीय बजेट तथा कार्यक्रमहरु अनुसूचीमा संलग्न गरेको छु।

२५. आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम र बजेटले लेटाङ नगरपालिकाको विकास प्रयासमा थप सुधार हुदैं जाने जाने विश्वास लिएको छु। नीति तथा कार्यक्रम र बजेट तर्जुमाको क्रममा गहन छलफल गरी मार्गदर्शन गर्नुहुने नगरप्रमुखज्यू, विषयगत समितिका पदाधिकारी ज्यूहरु, नगर कार्यपालिका सदस्यज्यूहरु, नगर सभाका सदस्यज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।बजेट तर्जुमाका क्रममा महत्वपूर्ण सुझाव प्रदान गर्नु हुने राजनैतिक दल, विभिन्न संघ संस्था, निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, संचार जगत तथा सूचना प्रविधिको माध्यमबाट सुझाव प्रदान गर्नु हुने आम नागरिकहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु।

२६. बजेट निर्माणमा संस्थागत सूचना उपलब्ध गराएर सहयोग गर्नु हुने कर्मचारी वर्गमा विशेष धन्यवाद व्यक्त गर्दछु ।नगरपालिकाको समग्र विकासमा योगदान पुर्याउनु हुने करदाता, निजी क्षेत्र र लेटाङवासी दाजुभाइ तथा दिदीबहिनी प्रति हार्दिक धन्यवाद दिन चाहन्छु।बजेट कार्यान्वयनमा सबै पक्षको सकारात्मक सहयोगको अपेक्षा राखेको छु ।

कृष्ण कुमारी निरौला
नगर उपप्रमुख
लेटाङ नगरपालिका

## अनुसूची-१

## नगरस्तरीय बहुवर्षीय तथा क्रमागत योजनाहरु

| क्र.सं. | कार्यक्रम योजनाको नाम | कार्यान्वयन रहने वडा | लक्ष | खरिद बिधि | विनियोजन रु | श्रोत<br>विशेष अनुदान |
|---|---|---|---|---|---|---|
| | आर्थिक विकास | | | | **१४३००००० | |
| १ | राजारानीताल संरक्षण तथा सौन्दर्यकरण | १ | | बोलपत्र | ७३००००० | |
| २ | कोल्डस्टोरेज भवन निर्माण | १ | | बोलपत्र | ७०००००० | |
| | सामाजिक विकास | | | | **२४७२५००० | |
| २ | शान्ति भगवती मा.वि. छात्राबास | ४ | | बोलपत्र | १२०००००० | १२०००००० |
| ३ | समला खानेपानी आयोजना | | | बोलपत्र | १९००००० | |
| ४ | चिसाङ पुल उत्तर दुवै तर्फ सव दहन स्थल निर्माण | | | बोलपत्र | ५९००००० | |
| ५ | ज्योती आ.वि. मा भवन निर्माण | | | बोलपत्र | २७००००० | |
| ६ | श्री मावि भवन निर्माण | | | बोलपत्र | ३२५००० | |
| ७ | सामुहिक आगन सुधार | १ | | दरभाउपत्र | १०००००० | |
| ८ | PHC भवनको तला थप | | | बोलपत्र | ९००००० | |
| | पूर्वाधार विकास | | | | **६०५५०००० | |
| ९ | लेटाङ कानेपोखरी सडक विस्तार | | | बोलपत्र | ५९००००० | |
| १० | डाँडा गाउँ शिवालय मंदिर सडक कालोपत्रे | | | बोलपत्र | ७०००००० | |
| ११ | घुम्ती लामिटार सडक कालोपत्रे | ६ | | बोलपत्र | ६०००००० | |
| १२ | त्रिवेणी तथा शितल मार्ग कालोपत्रे | ५ | | बोलपत्र | ७०००००० | |
| १३ | शिक्षा विकास मार्ग कालोपत्रे | | | बोलपत्र | ९०००००० | |
| १४ | बिभिन्न क्रमागत योजनाहरुको भुक्तानी | | | उपभोक्ता | १२५००००० | |
| १५ | न्यायिक समिति इजलास निर्माण | | | बोलपत्र | ४००००० | |
| १६ | गुवावारी देखि भुवाखोलासम्म बाटो स्तरोन्नती | | | बोलपत्र | २६५०००० | |
| १७ | वडा नं. २ को कार्यालय भवन निर्माण | | | बोलपत्र | ५०००००० | |
| १८ | भुवा खोला पक्की पुल निर्माणको भुक्तानी बाँकी | | | बोलपत्र | ५१००००० | |
| १९ | परामर्श सेवाको भुक्तानी | | | RFP | **३५००००० | |
| २० | विभिन्न कार्यक्रम तथा सञ्चालन खर्चको भुक्तानी बाँकी | | | | **३१००००० | |
| कुल जम्मा | | | | | १०६१७५००० | |

अनुसूची-२

## आ.व. २०८०।०८१ का नगरस्तरीय योजना तथा कार्यक्रम

| शीर्षक | कार्यक्रम योजनाको नाम | विनियोजन रु | श्रोत | | | प्राथमिकता |
|---|---|---|---|---|---|---|
| | | | आन्तरिक श्रोत | समपुरक अनुदान प्रदेश | समपुरक अनुदान संघ | |
| | **आर्थिक विकास** | | | | | |
| | कृषि | | | | | |
| | कृषि कार्यक्रम | **६०००००** | | | | |
| १. | कृषि समूह गठन, दर्ता, अध्यावधिक साथै बालीविरुवाका मिनिकिट वितरण | २००००० | | | | p1 |
| २. | पढदै र कमाउदै प्राङ्गारिक खेती विधालयमा आइ पि एम प्रागारिक शिक्षा कार्यक्रम | २००००० | | | | p1 |
| ३. | ५०% अनुदानमा टमाटरको हाइब्रिड विउ वितरण | ३००००० | | | | p1 |
| ४. | कफी खेती विस्तार तथा प्रवर्द्धन कार्यक्रम | १००००० | | | | p1 |
| ५. | ५०% अनुदानमा धानको विउ वितरण कार्यक्रम | २००००० | | | | p1 |
| ६. | माटो परीक्षण तथा माटोको नमूना संकलन कार्यक्रम | ३००००० | | | | p1 |
| ७. | अनुगमन, दैनिक भ्रमण तथा समिति वैठक व्यवस्थापन खर्च | १२०००० | | | | p1 |
| ८. | सुन्तला खेती विस्तार तथा प्रवर्द्धन कार्यक्रम | १००००० | | | | p1 |
| ९. | नगर स्तरीय तरकारी, खाद्यान्न, फलफूल तथा अन्य नवीनतम प्रविधि विषयक तालिम | ४५०००० | | | | p2 |
| १०. | १ दिने वडास्तरीय तथा समूहस्तरीय तालिम | २७०००० | | | | p2 |
| ११. | धान दिवस कार्यक्रम | ३०००० | | | | p2 |
| १२. | उत्कृष्ट कृषक र कृषक समूह पुरुस्कार | ५०००० | | | | p2 |
| १३. | हाइब्रिड तरकारीको बिउ ८५% अनुदानमा वितरण | ६००००० | | | | p2 |
| १४. | अलैची खेती विस्तार तथा प्रवर्द्धन कार्यक्रम | १००००० | | | | p2 |
| १५. | सुपारी खेती विस्तार तथा प्रवर्द्धन कार्यक्रम | ३५०००० | | | | p2 |
| १६. | केरा खेती विस्तार तथा प्रवर्द्धन कार्यक्रम | १००००० | | | | p2 |
| १७. | कृषि उधोग संचालन सहयोग साझेदारी टमाटर तथा तरकारीका प्रशोधन सहयोग कार्यक्रम | ५००००० | | | | p2 |
| १८. | ५०% अनुदानमा मकैको विउ वितरण कार्यक्रम | २५०००० | | | | p2 |
| १९. | ५०% अनुदानमा नयाँ कृषियन्त्र, उपकरण, औजार वितरण | ७५०००० | | | | p2 |
| २०. | बाली संरक्षण सेवा कार्यक्रम तथा शिविर | ५००००० | | | | p2 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | | | | | |
| २१. | शत प्रतिशत अनुदानमा कन्ये च्याउको विउ मिनिकिट वितरण | १००००० | | | | p2 |
| २२. | मौरी पालन विस्तार कार्यक्रम सम्बन्धी चिउरीको विरुवा घार, मौरी गोला वितरण | २५०००० | | | | p2 |
| २३. | कृषि सामाग्री ढुवानी कार्यक्रम, | ८०००० | | | | p2 |
| २४. | अदुवा, बेसार तथा पुष्प खेती विस्तार तथा प्रवर्द्धन कार्यक्रम | १००००० | | | | p2 |
| | **पर्यटन** | **२१५००००० | | | | |
| २५. | अन्तर धार्मिक शान्ति पार्क | १५०००००० | १०००००० | | ५०००००० | p1 |
| २६. | पर्यटन प्रवर्द्धनका लागि जाँते पथरी सडक सौन्दर्यकरण धार्मिक चौक दक्षिण | १०००००० | | | | p1 |
| २७. | समलामा होमस्टे प्रवर्द्धन कार्यक्रम | ५००००० | | | | p2 |
| २८. | टुक्रेवन पर्यापर्यटन विकास कार्यक्रम | ५०००००० | | | | p2 |
| | **सहकारी** | **१०००००० | | | | |
| २९. | सहकारी अनुगमन तथा विज्ञ परामर्श सेवा | ३५०००० | | | | p1 |
| ३०. | समन्वय समिति परिचालन | १००००० | | | | p1 |
| ३१. | सहकारी सञ्चालन क्षमता अभिवृद्धि तालिम | १५०००० | | | | p2 |
| ३२. | सहकारी दिवस पुरस्कार तथा सम्मान | १५०००० | | | | p2 |
| ३३. | कोपोमिस पुनर्ताजगि तालिम | १५०००० | | | | p2 |
| ३४. | सदस्य केन्द्रित सूचकाङ्क तालिम | १००००० | | | | p2 |
| | **पशुपंक्षि विकास** | | | | | |
| | **पशु विकास कार्यक्रम** | **४०००००० | | | | |
| ३५. | पशु रोग महामारी औषधि, रेविज रोग नियन्त्रण कार्यक्रम | २५०००० | | | | p1 |
| ३६. | आन्तरिक तथा बाह्य परजीबी नियन्त्रण | २००००० | | | | p1 |
| ३७. | सामुदायिक कुकुर नियन्त्रण | २००००० | | | | p1 |
| ३८. | वडा नं. १ बथाहामा समूह गठन गरी व्यवसायिक अभिमुखिकरण | ५०००० | | | | p1 |
| ३९. | बडिजो क्यास्टेटर खरिद सानो | १५००० | | | | p1 |
| ४०. | भ्याक्सिनेटर प्राविधिक पारिश्रमिक | १००००० | | | | p1 |
| ४१. | पशु औषधि खरिद | १५००००० | | | | p1 |
| ४२. | अनुगमन तथा भ्रमण खर्च | २००००० | | | | p1 |
| ४३. | पशु ल्यावमा सामाग्री खरिद | २५०००० | | | | p1 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४४. | ऱ्यापिड टेष्ट किट खरिद | १००००० | | | | p1 |
| ४५. | पशुपंक्षिको खोप खरिद | १००००० | | | | p2 |
| ४६. | गाईमा बाझोपना र थुनेलो रोगको अनुसन्धान अनुदान | १००००० | | | | p2 |
| ४७. | नश्ल सुधारका लागि जमुनापारी क्रस पाठी तथा बोका खरिद तथा वितरण | २००००० | | | | p2 |
| ४८. | च्यापकटर मोटर सहित खरिद तथा वितरण ५०% साझेदारी | ३६०००० | | | | p2 |
| ४९. | ट्रेबिज (खोर) | ५०००० | | | | p2 |
| ५०. | वडा नं १ र ७ मा पशु स्वास्थ्य घुम्ति शिविर संचालन | १५०००० | | | | p2 |
| ५१. | पशु स्वास्थ्य घुम्ति शिविर सञ्चालन | १५०००० | | | | p2 |
| ५२. | उत्कृष्ट पशुपालक कृषक पुरस्कृत | २५००० | | | | p२ |
| | **भुमि व्यवस्था** | | | | | |
| ५३. | भुमिहिन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित वसोबासी जग्गा व्यवस्थापन कार्यक्रम | **३०००००** | | | | p1 |
| | **सामाजिक विकास** | **६९००००० ०** | | | | |
| ५४. | आदिवासी जनजाति लक्षित आयमुलक तथा सीपमुलक कार्यक्रम | ६००००० | | | | p1 |
| ५५. | दलित तथा पिछडीएको समुदायको उद्यमशिलताको लागि सीपमुलुक तथा आयमुलक कार्यक्रम | ४००००० | | | | p1 |
| ५६. | अपाङ्गता सम्बन्धी प्रदेशसँग साझेदारी कार्यक्रम | ८००००० | | | | p1 |
| ५७. | महिला उद्यमशिलता तथा शसक्तिकरणका लागि तालिम सामाग्री खरिद | ५००००० | | | | p1 |
| ५८. | महिला उद्यमशिलता तथा शसक्तिकरणका लागि सीपमुलक तालिम | ५००००० | | | | p1 |
| ५९. | अन्य संघ संस्थासँग साझेदारी | १०००००० | | | | p1 |
| ६०. | श्रमिक हित कोष | ५००००० | | | | p1 |
| ६१. | एकद्वार संकट व्यवस्थापनका लागि साझेदारी | १००००० | | | | p1 |
| ६२. | दमकल तथा नगर प्रहरी व्यवस्थापन खर्च | १०००००० | | | | p1 |
| ६३. | महिला उद्यमशिलता तथा शसक्तिकरणका लागि सीपमुलक तालिम | ५००००० | | | | p2 |
| ६४. | दमकल तथा नगर प्रहरी व्यवस्थापन खर्च | १०००००० | | | | p2 |
| | **महिला तथा बालबालिका** | **१९५०००० ०** | | | | |
| ६५. | अपाङ्गता परिचय वितरण समितिको बैठक भत्ता तथा विभिन्न ठाउँमा अपाङगता परिचय पत्र | ३००,००० | | | | p1 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | वितरण शिविर सञ्चालन | | | | | |
| ६६. | दिवस कार्यक्रम (बाल, महिला, जेष्ठ नागरिक) | १५०,००० | | | | p1 |
| ६७. | महिला हिंसा विरुद्धको १६ दिने अभियान | १००,००० | | | | p1 |
| ६८. | जेष्ठ नागरिकद्वारा पुस्ता हस्तान्तरण कार्यक्रम | ५०,००० | | | | p1 |
| ६९. | वडा वाल क्लव र नगर वाल क्लव सञ्जाल निर्माण तथा व्यबस्थापन | ५०,००० | | | | p1 |
| ७०. | विद्यालय बाहिर रहेका अपाङ्गता भएका व्यक्तिहरुलाई विद्यालय भर्ना गराउने कार्यक्रम | ५०,००० | | | | p1 |
| ७१. | महिला जनप्रतिनिधि क्षमता विकास | २००,००० | | | | p2 |
| ७२. | वालविवाह तथा किशोरी हिंसा अन्त्यका लागि सचेतनामुलक कार्यक्रम | २००,००० | | | | p2 |
| ७३. | बाल क्लव व्यबस्थापनको लागि सहयोग | ५०,००० | | | | p2 |
| ७४. | वाल क्लवहरु लागि क्षमता विकास कार्यक्रम | १००,००० | | | | p2 |
| ७५. | बालमैत्री स्थानीय शासनका लागि पूर्वाधार तयार | २००,००० | | | | p2 |
| ७६. | बालमैत्री स्थानीय शासन घोषणा | ५००००० | | | | p2 |
| | **शिक्षा कार्यक्रम** | **१७२५००००** | | | | |
| ७७. | बालविकास सहजकर्ता पारीश्रमीक मासिक ७०००थप तलब | ३६४०००० | | | | p1 |
| ७८. | विद्यालय सहयोगी कर्मचारी मासिक ७००० थप तलब | २८२१००० | | | | p1 |
| ७९. | माध्यमिक विद्यालयका लेखा कर्मचारीलाई मासिक ३५०० का दरले थप तलब | ४५५००० | | | | p1 |
| ८०. | २०७८ अघि अनुमति प्राप्त गरी निजी स्रोतबाट सञ्चालित सामुदायिक बालविकास केन्द्रका सका तलव अनुदान | ३९०००० | | | | p1 |
| ८१. | विद्यालयहरूमा आन्तरिक परीक्षा सञ्चालन अनुदान | ३१०००० | | | | p1 |
| ८२. | विद्यालयमा शैक्षिक सामग्री बैंक निर्माण अनुदान प्राथमिक १-५ | १८०००० | | | | p1 |
| ८३. | विद्यालयमा शैक्षिक सामग्री बैंक स्थापना अनुदान प्राथमिक १-८ | ३६००० | | | | p1 |
| ८४. | विद्यालयमा शैक्षिक सामग्री बैंक स्थापना अनुदान प्राथमिक १-१० | ८४००० | | | | p1 |
| ८५. | विद्यालयमा शैक्षिक सामग्री बैंक स्थापना अनुदान प्राथमिक १-१२ | ६०००० | | | | p1 |
| ८६. | लिम्बू भाषाको सहायक प्रशिक्षक अनुदान | २७०००० | | | | p1 |
| ८७. | नगर स्तरीय राष्ट्रपति रनिङशिल्ड | १८४००० | | | | p1 |
| ८८. | कक्षा ८ को उत्कृष्ठ छात्राछात्र पुरस्कार | २०००० | | | | p1 |
| ८९. | कक्षा १० को उत्कृष्ठ छात्राछात्र पुरस्कार | २०००० | | | | p1 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९०. | आमाबुबा बिहिन बालबालिकाका लागि कक्षा १२<br>सम्म निशुल्क शिक्षामा आर्थिक सहायता | १५०००० | | | | p1 |
| ९१. | वडा नं १,७ र ८ को माथिल्लो भागको बालिका शिक्षा बचत कार्यक्रम | १२०००० | | | | p1 |
| ९२. | छात्रसँग उपमेयर | ५००००० | | | | p1 |
| ९३. | लेटाङ क्याम्पस अनुदान | १५००००० | | | | p1 |
| ९४. | कक्षा ५ र ८ को नगरस्तरीय परीक्षा व्यवस्थापन | ३००००० | | | | p1 |
| ९५. | खुला प्रतिश्पर्धाबाट प्रधानाध्यापक छनोट परीक्षा सञ्चालन | १००००० | | | | p1 |
| ९६. | स्थानीय पाठ्यक्रम हाम्रो लेटाङको कक्षा १-८ को सन्दर्भ पुस्तक परिमार्जन प्रकाशन वा पाठ्यपुस्तक तयारी | १००००० | | | | p1 |
| ९७. | योजना तर्जुमा तथा समीक्षा र प्रधानाध्यापक सहित समीक्षा बैठक | १५०००० | | | | p1 |
| ९८. | विद्यालय अनुगमन सुपरीवेक्षण र निरीक्षण | ११०००० | | | | p1 |
| ९९. | वथाहा बाल विकास केन्द्रमा अधुरो संरचना निर्माण | २५०००० | | | | p1 |
| १००. | विद्यालयको जस्तापाता फेर्ने (बाल विकास प्रा.वि. लोखरा, जाँते मा.वि., सरस्वती प्रा.वि. जौबारी, सरस्वती प्रा.वि. लालझोडा, कुइकुण्डा प्रा.वि.) | १५००००० | | | | p1 |
| १०१. | विद्यालयमा मर्मत तथा अत्यवस्यक पर्ने फ्यान वाइरिङ सामग्री जडान | ५००००० | | | | p1 |
| १०२. | प्रअका लागि खरिद ऐन र लेखा सम्बन्धी २ दिने तालिम | १००००० | | | | p2 |
| १०३. | जेहेन्दार र गरिव छात्रवृत्ति | २००००० | | | | p1 |
| १०४. | श्रीमावि घेराबारा निर्माण | ५००००० | | | | p2 |
| १०५. | निजी स्रोत बालविकास केन्द्र र विद्यालयमा शैक्षिक सामग्री वितरण | ३००००० | | | | p2 |
| १०६. | जेहेन्दार र गरिव छात्रवृत्ति | ३००००० | | | | p2 |
| १०७. | प्रअका लागि थप भत्ता | १८०००० | | | | p2 |
| १०८. | अतिरिक्त क्रियाकलाप सञ्चालन हाजिरीजवाफ प्रतियोगिता | १००००० | | | | p2 |
| १०९. | आधारभूत तह स्तरीय अन्तर विद्यालय खेलकुद प्रतियोगिता | ३००००० | | | | p2 |
| ११०. | नमूना आधारभूत विद्यालय | ५००००० | | | | p2 |
| १११. | शिक्षक सम्मान तथा पुरस्कार | २०००० | | | | p2 |
| ११२. | स्वच्छ खानेपानीका लागि फिल्टर वितरण | २००००० | | | | p2 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११३. | ज्ञानज्योती वालविकास केन्द्र किराँतचोक भवन | ५००००० | | | | p2 |
| ११४. | शिक्षा क्षेत्रको विपद् व्यवस्थापन | ३००००० | | | | p2 |
| | **स्वास्थ्य कार्यक्रम** | **६०००००० | | | | |
| ११५. | डिजिटल एक्स्रे मेसिन खरिद ५०० एम ए | २७००००० | | | | p1 |
| ११६. | स्वास्थ्य संस्थाहरुमा आधारभूत सेवा विस्तार तथा सुधारका लागि अत्यावश्यक औजार उपकरण खरीद | ५००००० | | | | p1 |
| ११७. | ग्रामीण आमा स्वास्थ्य कार्यक्रमको समीक्षा, विस्तार तथा निरन्तरता | ३००००० | | | | p1 |
| ११८. | लेटाङ्ग अस्पतालमा आकस्मिक सेवा विस्तार | २००००० | | | | p1 |
| ११९. | अत्यावश्यक औषधि खरीद तथा वितरण | ३००००० | | | | p1 |
| १२०. | महिला स्वास्थ्य स्वयम् सेविका निरन्तर उत्प्रेरणा, क्षमता विकास तथा समीक्षा | ६५०००० | | | | p1 |
| १२१. | एकीकृत वाल स्वास्थ्य सेवाहरु तथा पूर्ण खोप निरन्तरता, दिगोपना एवम विद्युतीय अभिलेख समेत | २००००० | | | | p1 |
| १२२. | नियमित खोप सेवा तथा कोल्ड चेन सुदृढिकरण | १००००० | | | | p1 |
| १२३. | स्वास्थ्य संस्थाहरुमा न्युनत्तम सेवा मापदण्ड लागु गर्न वस्तुगत सहयोग | २००००० | | | | p2 |
| १२४. | समुदायमा आधारित नसर्ने रोगको एकीकृत व्यवस्थापन निरन्तरता तथा मे मापन महिना मनाउँने | १५०००० | | | | p2 |
| १२५. | जनस्वास्थ्य कार्यक्रम, सेवा तथा संस्थाहरुको नियमन तथा जनस्वास्थ्य निरीक्षक परिचालन | ७०००० | | | | p2 |
| १२६. | स्वास्थ्यकर्मीहरुलाई जनस्वास्थ्य सम्बन्धि नीति तथा सूचना प्रविधिवारे क्षमता विकास कार्यक्रम | १००००० | | | | p2 |
| १२७. | किट जन्य रोगहरु नियन्त्रणका लागि खोज र नष्ट गर अभियानका लागि सामुदायिक परिचालन | १५०००० | | | | p2 |
